ज्ञान शील एकता

# प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल

## केन्द्रीय कार्यकारिणी समिति बैठक

## १५-१६, असोज, २०६२, गौशाला, काठमाडौं ।

**प्रस्ताव कमाङ्क-१**

## शैक्षिक प्रस्ताव

शिक्षा बिनाको जीवन कल्पनातीत हुन्छ । शिक्षालेनै मानव जातिलाई अन्धकारबाट प्रकाशतिर लैजान्छ । आज संसार पूर्णरूपमा शिक्षामा आधारित छ । तर संसारका अधिकतम मनुष्यहरू निरक्षर छन् भने कति साक्षर छन् र कति उच्च शिक्षाद्वारा शिक्षित छन् । तरआज हामी जसलाई शिक्षा भनिरहेका छौं के त्यही मात्र शिक्षा हो अथवा अन्य कुनै प्रकारको शिक्षा हुन सक्छ । यो नितान्त विचारणीय विषय हो ।

१. आजको वास्तविकता भनेको के हो भने पूरा संसार शिक्षा व्यवसायमा लागेको छ । हामी यसलाई Era of Educational Industry भन्न सक्छौं । यस परिस्थितिमा नेपालमा पनि शिक्षाको पूर्णव्यवसायीकरण भइरहेको छ । यो Trade Industry मा परिणत भएको छ । अब हामीले यसलाई यसरी नै स्वीकार गर्ने हो अथवा होइन गम्भीरतापूर्वक विचार गर्न जरूरी छ र श्री ५ सरकारले तुरून्त एउटा निकाय गटठन गरी निजी क्षेत्रलाई समेत प्रोत्साहन गरोस् भनी प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समिति बैठक माग गर्दछ ।

२. दोस्रो विषय अहिले देशमा राष्ट्रवादी शिक्षाको चर्चा चलेको छ । राष्ट्र सबैका लागि महत्वपूर्ण र अपरिहार्य (आवश्यक) चीज हो तर राष्ट्रवादी शिक्षाका नाममा हामीले एउटा साँचो (Framework) बनाउने र त्यसमा नअटाउनेलाई बाहिऱ्याउने जस्तो परिस्थिति उत्पन्न हुने सम्भावना सदा रही न रहन्छ भने अर्कोतिर राष्ट्र भक्ति मूलक शिक्षाको आवश्यकता देशमा सदा रही नै रहन्छ । त्यसैले यो देशलाई एउटा शासन व्यवस्था अन्तर्गत मान्नु भन्दा पनि यो भूमि हम्री आमा हुन् र हामी तिनका सन्तती हौं भन्ने मूल भाव राखेर आफ्नी आमाको कस्तो के र कसरी गर्दा सम्मान, संरक्षण, स्वास्थ्य एवं आरोग्य हुने हो त्यो सबैले आ-आफ्नो तरिकाले गर्न सक्ने हुनाले हामीलाई राष्ट्रभक्तिपूर्ण शिक्षाको खाँचो छ । यस्तो शिक्षा व्यवस्था नेपालमा सञ्चालित होस् श्री ५ सरकारले तत्काल यो काम गरोस् भनि प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समिति बैठक माग गर्दछ ।

३. देशमा अहिले चलेको हिंसा र प्रतिहिंसाबाट जनता त्रस्त छन् त्यसलाई पनि समाप्त पार्नका लागि विद्यार्थी वर्गले सचेत भएर समाजका अन्य विभिन्न इकाईहरू समक्ष कार्य गर्ने र अन्ततः देश सु-संस्कृत, शान्त र समृद्ध हुन सकोस् त्यसका लागि श्री ५ सरकारले नागरिक शिक्षाको आवश्यकता र अनिवार्यतालाई ध्यानमा राखेर राम्रो कार्यक्रमको सञ्चालन गरोस् भनी प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समिति बैठक माग गर्दछ ।

४. देशका निरक्षर व्यक्तिहरूलाई साक्षर बनाउन श्री ५ को सरकारले अभियान सञ्चालन गरोस् साथै साक्षर व्यक्तिहरूलाई अग्रिम अध्ययनको वातावरण बनाउन निरन्तर श्री ५ सरकारले काम गरोस् ।

५. शिक्षालाई व्यवसायीकताबाट मुक्त गर्दै क्रमशः शिक्षाको मूलभूत उद्देश्यतिर लैजान परिषद्को यो केन्द्रीय कार्यकारिणी समितिको बैठक श्री ५ को सरकार संग सबै सम्बन्धित व्यक्ति एवं सबै निकायहरूका साथ छलफल गरी अनुगमन गर्न आग्रह गर्दछ ।

६. वर्तमान शिक्षा प्रणालीले उत्पादन गरेको शिक्षित बेरोजगारीको भारलाई थेग्न नसक्ने भएकाले श्री ५ को सरकारले आफ्नो देशको स्रोत साधनमा आधारित प्राविधिक तथा व्यवसायिक शिक्षाको पाठ्यक्रम बनाएर तुरून्त लागू गरोस् जसले यूवाहरूको शिक्षातर्फको घट्दो उत्प्रेरणालाई हटाउने छ साथै शिक्षित बेरोजगारीको भार कम हुनेछ ।

७. संस्कृत विषयलाई पाठ्यक्रमबाट हटाएर गरेको गल्ति तुरून्त सच्याइयोस् र मातृभाषालाई विशेष जोड दिइयोस् र मातृभाषामा पठन-पाठन वा अध्यापन गराईयोस् साथै देशका` गौरवमय इतिहाससंग सम्बन्धित

शिक्षमूलक ज्ञानबोधक विषयलाई विज्ञान सम्मतरूपमा अंग्रेजीमा अनुवाद गरी विभिन्न स्तरका पाठ्यक्रममा केही परिवर्तन हुन आवश्यक छ तर नैतिक एवं सामाजिक शिक्षामा पनि विशेष जोड या ध्यान दिई पाठ्यक्रममा समावेश गरियोस् तथा हाम्रो प्राचीन एवं गौरवमय इतिहास तथा सांस्कृतिक धरोहर प्रति श्रद्धा राख्ने उत्प्रेरणा दिइयोस् ।

८. विश्व व्यापार संगठन ( World Trade Organazation -WTO) मा प्रवेश गरिसकेको परिस्थितिमा शिक्षालाई GATS (General Agreement on Trade in Services) को परिधिभित्र राख्दा शिक्षाले राष्ट्र र राष्ट्रियतामा के कस्ता सकारात्मक एवं नकारात्मक असर पार्दछ भनी अध्ययन तथा अनुसन्धान गर्नका लागि श्री ५ को सरकारले एउटा टोली गठन गरोस् जसले गर्दा भविष्यमा राष्ट्रियता प्रति कुनै प्रश्न नउठोस् । र यसका लागि जनमत तयार गर्न विभिन्न निकाय, संघ-संस्था एवं शिक्षा सम्बन्धी क्षेत्रहरूसंग व्यापक छलफल चलाइयोस् ।

९. श्री ५ को सरकारको लगानी अनुसार सरकारी विद्यालयहरूमा पनि निजी विद्यालयहरूमा भए सरह पर्याप्त भौतिक संरचनाको व्यवस्था गरियोस् र निजी विद्यालयहरू भन्दा धेरै प्रतिस्पर्धी तथा राम्रो परिणाममुखी सरकारी विद्यालय बन्न सकोस् ।

१०.Brain Drain रोक्नका लागि देशमै पर्याप्त अवसरहरूको सृजना गरियोस् । जस्तैः उद्योग धन्दा, कल, कारखाना, पर्यटनको विकास तथा प्रवर्द्धन एवं प्राकृतिक संसाधनको सही उपयोग गरियोस् ।

११.मूलभूत भौतिक संरचना नभई जुन शैक्षिक संस्था खोल्ने होड चलेको छ । विशेष गरेर दुई जोड, कलेज विश्वविद्यालय र व्यवायिक शिक्षण संस्थान आदिको यसको अध्ययन अनुसन्धान गर्ने एउटा निकायको गठन गरियोस् जसको एउटा आधिकारिक रिपोर्ट आएपछि मात्र खोल्न मान्यता दिने नदिनेमा निर्णय गरियोस् ।

१२.विशेष गरेर उच्च शिक्षालाई राजनीतिक वातावरणबाट मुक्त गरी एउटा शैक्षिक वातावरण निर्माण गरियोस् साथै उच्च शिक्षालाइ एउटा स्वायत्त संस्थामा परिणत गरियोस् । तसर्थ सबै विश्वविद्यालयलाई एउटा संस्थाको छातामुनि राख्न 'विश्वविद्यालय अनुदान आयोग' लाई अझै सशक्त र अधिक स्वायत्त बनाइयोस् जसले उच्च शिक्षाको पाठ्यक्रम, शिक्षक, कर्मचारी नियुक्ति, विश्वविद्यालयमा उपकुलपति लगायत अन्य पदाधिकारीहरूको नियुक्तिमा राजनीतिक हस्तक्षेप नभई स्वतन्त्र निर्णय लिन सकोस् र यसका लागि निश्चित मापदण्ड र प्रतिशपर्धात्मक जाँच प्रणाली तोकियोस् ।

१३.शिक्षालाई उच्च स्तरको सेवा मानी यसको गुणस्तर बढाइयोस् शिक्षा सेवा हो यो बजारमा बेच्ने बजारी वस्तु होइन ।

१४.त्रिभुवन विश्वविद्यालयको हाल देखिएको परीक्षा सम्बन्धी समस्या अथवा वर्षभरिनै कुनै न कुनै स्तर संकायका परीक्षा भईरहने र त्यसको परिणामको ढिलाईले गर्दा विदेश पढ्न जाने विद्यार्थीका लागि ढिलो हुने भएकाले विश्वविद्यालयले March देखि May सम्म सम्पूर्ण स्तर र संकायका परीक्षाा सकेर त्यसको परिणाम पनि निश्चित समयमा निकाली नयाँ शैक्षिक वर्षको शुरुवात पनि अन्तर्राष्ट्रिय स्तरसंग मेलखाने गरी सञ्चालन गर्न प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक श्री ५ को सरकार समक्ष माग गर्दछ ।

१५.वर्षभरिको शैक्षिक पञ्चाङ्ग (Calendar) , Prospectus, Brochure, Bulletin एवं पत्र-पत्रिकाहरू, भित्ते पत्रिका, शैक्षिक संस्थाको वार्षिक प्रतिवेदन, लेखाजोखा विवरण, वार्षिक समीक्षा आदिको प्रकाशन गरियोस् । भर्नामा विद्यार्थीबाट लिन विभिन्न शीर्षकका शुल्कहरू उचित ठाउँ या शीर्षकमा खर्च भयो या भएन, छात्रवृत्तिको उचित व्यवस्था, शुल्क वृद्धि एवं उच्च शिक्षामा भएको शुल्क अधिक लिएर पनि कुनै Prospectus ननिकाल्ने, परीक्षा सम्बन्धी कार्यमा सम्बन्धित निकायको लापरवाही एवं अनुत्तरदायि भूमिका, विद्यार्थीको उत्तर पुस्तिका हरायो भनी अनुत्तीर्ण गर्ने, परीक्षामा एवं विषयमा समावेश नभएकाहरू उत्तीर्ण हुने तथा न्यायका लागि दिइएको निवेदज पनि सम्बन्धित निकायले हराउने, प्रवेशिका परीक्षाका लागि योग्य मानेर टेस्ट परीक्षा उत्तीर्ण भएका विद्यार्थी प्रवेशिका परीक्षामा ७० प्रतिशत भन्दा बढी असफल कसरी हुन्छन् गरिन्छन् ? आदि विषयमा प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक श्री ५ को सरकारको ध्यानाकर्षण गराउँछ ।

१६.सबै खाले बिदा (एक महिने, पन्ध्र दिने एवं विशेष आदि) माथि चर्चा एवं व्यापक छलफल चलाउन सम्बन्धित सबै सरोकारवाला निकायहरूसंग आग्रह गरियोस् र क्याम्पसमा कम से कम १८० दिन कक्षा सञ्चालन हुनु पर्नेमा अधिक जोड दिइयोस् ।

१७.बाहिरबाट आउने विश्वविद्यालय र यहाँबाट पढ्न जाने संस्थाहरूको त्यहाँ (त्यो देशमा) कस्तो स्तर Standard त अथवा आधिकारिक हो कि होइन भनी छानविन एवं मान्यता दिन केही निश्चित मापदण्ड अपनाउनका लागि श्री ५ को सरकार शिक्षा तथा खेलकुद मन्त्रालयले तुरून्त एउटा निकाय गठन गरोस् जसले गर्दा निम्न स्तरका र नक्कली संस्थाहरू यहाँ आउनबाट रोक लगाउँछ साथै Education Consultancy मार्फत् भईरहेको अनियमितता एवं ठगिलाई पनि नियन्त्रण गर्न सजिलो हुन्छ ।

उपर्युक्त पारित सबै १७ बुँदे शैक्षिक प्रस्ताव माथि परिषद् श्री ५ को सरकारको ध्यानाकर्षण गराउँदछ साथै तुरून्त यी माग पूरा गर्न एवं त्वरित (आगामी) कारवाहीको लागि प्राज्ञिक विद्यार्थी परिषद् नेपालको यो केन्द्रीय कार्यकारिणी समति बैठक श्री ५ को सरकारसंग जोडदार माग गर्दछ ।

ज्ञान शील एकता

# प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल

## केन्द्रीय कार्यकारिणी समिति बैठक

## १५-१६ असोज २०६२, गौशाला, काठमाडौं ।

**प्रस्ताव कमाङ्क -२**

## देशको वर्तमान अवस्था

राजनीतिक अस्थिरता, कमजोर शासन प्रणाली र व्यक्ति एवं समूहमा राष्ट्रियताको कमी जस्ता कारणहरूले आज नेपाल जति धेरै समस्याहरूसंग संघर्षरत छ, शायद इतिहासमै यति समस्यामा कहिल्यै परेको थिएन । यस गम्भीर अवस्थालाई ध्यानमा राखेर प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समिति बैठक निम्नलिखित प्रस्तावहरू पारित गर्दै तत्काल निम्न विषयहरूलाई लागू गर्न श्री ५ को सरकार समक्ष माग गर्दछ ।

१. देशमा विगत दश वर्षदेखि चलिरहेको हिंसा, प्रतिहिंसाबाट हजारौं मानिसहरू मरिसकेका छन् । साथै मानव अधिकारको उल्लङ्घन भइरहेको छ भने अर्कोतिर मानव अधिकारवादीहरू विद्रोही पक्षको पक्षमा बढी वकालत गरेको जस्तो देखिने परिप्रेक्ष्यमा यसलाई कानुनी कार्यवाही एवं व्यवस्थापन गरी वा व्यवस्थापन गर्ने निकाय खडा गरी तत्काल हिंसा र प्रतिहिंसा समाप्ति गरियोस् । आधारभूत मानवाधिकारको सम्मान गरियोस् र मानवलाई बाँच्ने अधिकारबाट बञ्चित नगरियोस् ।

२. हिंसा प्रतिहिंसाबाट पीडित परिवारहरूका लागि प्रभावकारी राहत कार्यक्रम सञ्चालन गरियोस् ।

३. देशको आर्थिक अवस्था नितान्त दुर्बल भईरहेको यस विकराल परिस्थितिलाई ध्यान दिएर आर्थिक मजबुतिका लागि तत्काल ठोस एवं प्रभावकारी कदम उठाइयोस् ।

४. बेरोजगारी नै हिंसा-प्रतिहिंसाको जनक भएको हुनाले बेरोजगार समुदायलाई उचित रोजगारीको व्यवस्था गरियोस् साथै स्वरोजगारलाई अभिप्रेरित गर्ने नीति, नियम तथा योजना र कार्यक्रमहरू ल्याइयोस् ।

५. दुर्गम जिल्लाहरूमा विशेष स्वास्थ्य शिविरहरू, खाद्यान्नको व्यवस्था र शिक्षा लगायत आधारभूत सेवा सुविधाहरूको समुचित व्यवस्था गरियोस् ।

६. विदेशमा काम गर्न गएका नेपालीहरूको सुरक्षा, संरक्षण र उनीहरूले कमाएको पैसा ठगी लगाएतका वैदेशिक रोजगारी सम्बन्धी शोषण नहोस्, त्यसको लागि श्री ५को सरकारद्वारा ठोस कदम उठाइँदै दक्ष जनशक्तिको वैदेशिक पलायनलाई निरूत्साहित गर्ने योजना तथा कार्यक्रम ल्याइयोस् ।

७. सरकारद्वारा भ्रष्टाचारी एवं भ्रष्टनेताहरूको प्रमुख पदमा नियुक्ति नहोस् भन्ने हेतुले विशेष सतर्कता अपनाइयोस् ।

८. सुरक्षाा जाँच सम्बन्धमा जनताको सुविधालाई ध्यानमा राख्दै व्यवस्थित जाँच प्रणाली अपनाइयोस् जसले गर्दा जनतालाई क्रियाशील (ओहारे-दोहोर गर्ने) रहने र सुचारु रूपले व्यापार, व्यवसाय गर्नका लागि निरूत्साहित नगरोस् साथै सुरक्षा जाँचका नाममा जनतालाई Demoralised गर्ने कार्य नगरियोस् ।

९. सरकारद्वारा जनताको मूलभूत स्वतन्त्रता, प्रजातान्त्रिक पद्धति र मौलिक हकको प्रत्याभूति तुरून्त गरियोस् ।

१०. विश्वव्यापीकरणले घेरेको वर्तमान प्रतिस्पर्धात्मक व्यापारिक अवस्थामा सरकारले देशको स्थानीय स्रोत एवं साधन पहिचान गरी तिनको परिचालन हुन सक्ने योजना एवं परियोजनाहरू कार्यान्वयनमा ल्याओस् ।

११. उपभोक्ता हितलाई संरक्षण एवं सम्बर्द्धन गर्ने कुनै व्यवस्थित प्रणालीको अभावमा जनताहरूको दैनिक उपभोग्य वस्तुहरू लगायत फोटोकपी, टेलिफोन, गाडी भाडा आदि जस्ता आधारभूत सेवाहरूमा ठगिने भइरहेकाले सो सम्बन्धी नीति नियमहरू प्रभावकारीरूपले कार्यान्वयन गरियोस् ।

१२. राजनीतिक अस्थिरता कमजोर शासन प्रणालीका कारणले गर्दा जनतामा व्यवस्था, कानुन, न्याय र शासन प्रणाली प्रति विश्वास तथा श्रद्धा पैदा गर्नुको सट्टा आक्रोस पैदा गरिराखेको छ र त्यो कहीँ न कहीँ विद्रोहको रूपमा प्रस्तुत हुने गर्दछ तथा व्यवस्था, शासन प्रणाली एवं सम्बन्धित निकायले पनि शान्तिपूर्ण आन्दोलन गर्दा एवं जायज माग राख्दा हल्कारूपमा लिने प्रवृत्तिको विकास भएको देखिन्छ।

१३. युवाहरूलाई देशमै केही गर्ने पर्याप्त रोजगारीका साधन उपलब्ध गराइयोस् जसले यूवाहरूलाई विदेशिनबाट जोगाँउछ ।

देशको वर्तमान अवस्था सम्बन्धी पारित १३ बुँदे प्रस्ताव माथि परिषद् श्री ५ सरकारको ध्यानाकर्षण गराउँदछ साथै तुरून्त यी माग पुरा गर्न एव  त्वरित (आगामी) कारवाहीको लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समिति बैठक श्री ५ को सरकारसंग जोडदार माग गर्दछ।